# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०४ गते

# प्रेस विज्ञप्ति

## माननीय प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेबाट पदभार ग्रहण तथा कर्मचारीहरूलाई निर्देशन।

-----------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेले सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगको प्रमुख आयुक्तमा नियुक्त भएपछि आजै शपथ लिई आयोगको प्रमुख आयुक्तको रुपमा पदभार ग्रहण गर्नुभयो।

पद बहाली पश्चात आयोग परिसरमा आयोजित स्वागत कार्यक्रममा नवनियुक्त माननीय प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेज्यूले प्रमुख आयुक्त पदमा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, संवैधानिक परिषदका पदाधिकारीज्यूहरू, संसदीय सुनुवाई समितिका माननीय सदस्यज्यूहरू र आम नेपाली जनताप्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्नुभयो। उहाँले यो पद आफ्नो लागि अवसर र चुनौती दुवै भएको र यो चुनौतीको सामना गर्ने अठोट र साहस आफूमा रहेको कुरा व्यक्त गर्नुभयो। आयोगलाई विगतको आरोह-अवरोहको अवस्थाबाट नेपाली जनताले भरोसा र विश्वास गर्नसक्ने व्यावसायिक तथा प्रतिवद्ध संस्थाका रूपमा विकास गर्न कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो। राज्यको सामाजिक पद्धतिको उपपद्धतिको रूपमा स्थापित भ्रष्टाचारलाई निर्मम प्रहार गर्नसक्ने क्षमता र अठोट आफूमा रहेको र यस कार्यमा आयोगका माननीय आयुक्तज्यूहरू लगायत सबै कर्मचारीहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। यस कार्यमा सफलता प्राप्तिका लागि सामूहिक कार्यभावना तथा सहभागितामूलक व्यवस्थापन मार्फत कार्यसम्पादन गर्ने कुरा समेत उल्लेख गर्नुभयो। आयोगले आगामी दिनमा आफ्नो कार्यसम्पादन गर्दा नियति र प्रवृत्तिबाट निर्देशित नभई नीति र पद्धतिबाट चल्नुपर्ने, तटस्थता र प्रतिवद्धता बीचको द्वन्द्वको कुशल व्यवस्थापन गर्नुपर्ने, कुनै व्यक्ति वा संस्थाप्रति आग्रह पूर्वाग्रह नराखी अवैयक्तिक ढंगबाट कार्यसम्पादन गर्नुपर्ने जस्ता प्रमुख मार्गदर्शन सिद्धान्तको पालना गर्ने प्रतिवद्धता नवनियुक्त प्रमुख आयुक्तज्यूले व्यक्त गर्नुभयो। "राज्यले दिएको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न र यस आयोगलाई नमूना संस्थाका रूपमा विकास गरी संस्थाको कार्यप्रति कसैले प्रश्न उठाउन नपाउने गरी मुलुक र जनताप्रति इमान्दारी र निष्ठापूर्वक काम गर्ने गरी मैंले आज संसदीय सुनुवाई मार्फत आम नेपाली जनतामाझ व्यक्त गरेको कार्ययोजना कार्यान्वयन गर्ने मेरो ऐतिहासिक जिम्मेवारीमा सबैको सहयोगी साथ र हात रहने कुराको अपेक्षा गर्दछु" उहाँले भन्नु भयो।

कार्यक्रममा आयोगका माननीय आयुक्तहरू डा. गणेशराज जोशी, राजनारायण पाठक र डा. सावित्री थापा गुरुङले आयोगको गरिमामय प्रमुख आयुक्तको पदमा नियुक्त हुन सफल हुनुभएकोमा माननीय

नवीनकुमार घिमिरेलाई बधाई तथा शुभकामना दिनुभयो। उहाँहरूले संसदीय सुनुवाईको क्रममा कुनै उजुरी नपरी सर्वसम्मत रूपमा अनुमोदन हुन सफल हुनु आयोगको लागि गौरवको बिषय भएको कुरा व्यक्त गर्नुभयो। उहाँहरूले विगतमा कार्यवाहक प्रमुख आयुक्तको रूपमा निर्वाह गर्नुभएको भूमिकाको सराहना गर्दै प्रमुख आयुक्तज्यूको नेतृत्वमा आगामी दिनमा आयोगको विगतमा गुमेको साखलाई पुनः प्राप्त गर्ने दिशामा सफलता प्राप्त हुने र उक्त कार्यमा आ-आफ्नो ठाउँबाट पूर्णतः साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। यस कार्यमा सम्पूर्ण आयोग परिवारको अनुशासन, मेहनत र सदाचारले यो चुनौतीको सामना गर्ने क्षमता र साहस प्राप्त हुने र भ्रष्टाचार नियन्त्रणमा मुलुकले ठूलो फड्को मार्न सक्ने सम्भावनाको ढोका खुलेको कुरा स्पष्ट पार्नुभयो।

उक्त स्वागत कार्यक्रममा आयोगका सचिव श्री महेश्वर न्यौपानेले स्वागत मन्तव्य राख्नुहुँदै सम्पूर्ण कर्मचारीको तर्फबाट हार्दिक बधाई तथा कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो। आयोगले अत्यन्त निष्ठावान, प्रतिवद्ध तथा नीति र पद्धतिमा विश्वास गर्ने कुशल नेतृत्व प्राप्त गर्न सफल भएकोमा आयोग परिवार गौरवान्वित भएको धारणा व्यक्त गर्नुभयो र माननीय प्रमुख आयुक्तज्यूले संसदीय सुनुवाईका क्रममा जनप्रतिनिधिमूलक संस्था मार्फत नेपाली जनता समक्ष पेश गर्नुभएको भ्रष्टाचार नियन्त्रणको कार्ययोजना र प्रतिवद्धतालाई कार्यान्वयन गर्न आयोग परिवार एक ढिक्का भएर लागिपर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। विगतमा कार्यवाहक प्रमुख आयुक्तको रुपमा जिम्मेवारी निर्वाह गर्दा शुरू गरिएका सुधारका मार्गचित्रहरूलाई आगामी दिनमा थप परिमार्जन गर्दै कार्यान्वयन गर्न माननीयज्यूको निष्ठा तथा दूरदृष्टिलाई पछ्याउँदै म लगायत सम्पूर्ण कर्मचारीका तर्फबाट पूर्णतः सहयोगी भूमिका निर्वाह हुने र आगामी दिनमा आयोगको कार्यशैली र भूमिकाका सन्दर्भमा कहीं कतैबाट प्रश्नचिन्ह खडा हुन नदिने कुरामा सचिव न्यौपानेले विश्वास व्यक्त गर्नुभयो। अन्त्यमा, उहाँले आयोगको प्रमुख आयुक्तको रूपमा पुनः स्वागत गर्दै उहाँको कार्यकाल इतिहासमैं गौरव गर्न लायक बनाउन शुभकामना समेत व्यक्त गर्नुभयो।

यस अघि शपथ ग्रहणपछि माननीय प्रमुख आयुक्तज्यूलाई माननीय आयुक्तज्यूहरू र आयोगका सचिव लगायत कर्मचारीहरूबाट पुष्पगुच्छा सहित स्वागत गरियो।

आज सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्त भई प्रमुख आयुक्तका रूपमा पदबहाल गर्नुभएका माननीय नवीनकुमार घिमिरे मिति २०७१ साल चैत १९ मा आयोगको आयुक्तमा नियुक्त भई मिति २०७४ साल फागुन २ गतेबाट कार्यवाहक प्रमुख आयुक्तको रुपमा जिम्मेवारी निर्वाह गर्दै आउनु भएको थियो।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता